नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल ए.पी.एफ.अस्पताल

बलम्बु, काठमाण्डौ ।

**राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना नं.९**

प्रथम पटक सूचना प्रकाशित मिति २०७६/०२/२९ गते ।

१. नेपाल ए.पी.एफ. अस्पताल बलम्बुलाई आर्थिक बर्ष २०७५/०७६ मा आवश्यक पर्ने देहायका सामानहरु खरिद गर्नुपर्ने भएकोले योग्य आपूर्तिकर्ताहरुले सिलबन्दी दरभाउपत्र पेश गर्न अनुरोध ।

| सि.नं. | मेडिकल मेशिनरी औजारहरुको बिवरण | आवश्यक संख्या | बैंक जमानत रकम रु. | दरभाउपत्रको मान्य अवधि | दरभाउपत्र कागजात दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | Dental Chair - High End | १ | १६०००/- | ४५ दिन | १,०००/- |
| २. | ECG Machine with Interpretation(12 channel) | ४ | ३१०००/- | | |
| ३. | Motorized ICU Beds | ७ | ६३५००/- | | |
| ४. | Semi-Automated Biochemistry Analyser | १ | ११०००/- | | |
| ५. | RCT instrument Set | १ | ८०००/- | | |

२. लिखित निवेदन साथ मू.अ.कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म/कम्पनी दर्ता प्रमाणपत्र (नविकरण सहित) र आ.व.२०७४/०७५ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालयबाट तोकिएको दस्तुर बुझाई मिति २०७६/०३/११ गते कार्यालय समय भित्र दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, टेकु काठमाण्डौ स्थित धरौटी खाता नं. १७००२०३ यस कार्यालयको कोड नं. २७-३१४-६९ मा माथि उल्लेखित जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै जमानत पेश गर्नु पर्नेछ । उक्त जमानतको समयावधि दरभाउपत्रको मान्य अवधी भन्दा ३० दिन बढी अर्थात सिलबन्दी दरभापत्र खोलेको मितिबाट गणना गर्दा कम्तिमा ७५ दिनको हुनु पर्ने छ ।

४. दरभाउपत्र सम्बन्धी कागजात मिति २०७६/०३/१२ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।

५. सिलबन्दी दर्ता भएका दरभाउपत्र फारामहरु मिति २०७६/०३/१२ गते १३:०० वजे आमन्त्रित सरकारी निकायकां प्रतिनिधिहरु, सम्बन्धित दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरु एवं यस कार्यालयका पदाधिकारीहरुको रोहवरमा खोलिने छ । दरभाउपत्रदाताहरू वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन सोही समयमा दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने, दरभाउपत्र दर्ता गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ । यस्तो अवस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिकै मिति देखि गणना गरिनेछ ।

७. दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

८. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४३१५२२४ मा कार्यालय समयमा सम्पर्क राखी वुझ्न सकिने छ ।

९. यो सूचना सशस्त्र प्रहरी बल, नेपालको **website:www.apf.gov.np** मा समेत हेर्न सकिने छ । सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) र दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार एवं अन्य प्रचलीत कानून बमोजिम हुनेछ ।